Regd. No.: 150880/061/062

# Mountain Hydro Nepal Ltd.
# माउन्टेन हाईड्रो नेपाल लि.

प.सं.
च.नं. ४५/०७९/८०

मितिः २०७९।०९।०७

श्री नेपाल स्टक एक्सचेन्ज लि.
UNI शान्ती मार्ग, भद्रकाली
काठमाण्डौं ।

**विषयः- वार्षिक साधारण सभा वस्ने तथा शेयर दा.खा बन्द (Book Close) हुने सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषय यस कम्पनीको मिति २०७९।०९।०४ मा बसेको संचालक समितिको बैठकबाटे कम्पनीको सातौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने निर्णय भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम सभामा छलफल हुने विषयहरु र साधारण सभा सम्वन्धि जानकारी खुलाई मिति २०७९।०९।०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सुचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०७९।०९।२७ गते बुधबार
समय : विहान १०:०० बजे
स्थान : कालिमाटी व्याङक्युट, कालिमाटी काठमाण्डौ

**बोनस सम्बन्धमा**

यस वर्ष लाभांश ,बोनस वा हकप्रद शेयर निष्काशन गर्ने कार्यक्रम रहेको छैन ।

**शेयर दाखिल खारिज Book Close सम्बन्धमा**

वार्षिक साधारण सभामा भाग लिने प्रयोजनको लागि मिति २०७९।०९।१३ देखि २०७९।०९।२७ सम्म शेयरधनिको दर्ता किताब दाखिल खारिज बन्द रहने र बन्द भएको अघिल्लो दिन अर्थात् २०७९।०९।१२ सम्म नेपाल स्टक एक्सचेन्जमा कारोबार भई कायम रहनु भएका शेयरधनिहरुले सभामा भाग लिनुहुने कुरा सुचनामा खुलाइएको छ ।

संचालक समितिको निर्णय प्रतिलिपि र सूचनाको प्रति छुट्टै प्रस्तुत गरेको छौं ।

Mountain Hydro Nepal Ltd. H.O. Kathmandu

भवदीय

शिव प्रसाद सापकोटा
कम्पनी सचिव

# संचालक समितिको वैठक

आज मिति २०७९/०९/०४ का दिन यस माउन्टेन हाइड्रो नेपाल लि.को संचालक समितिको वैठक श्री सीताराम तिमल्सिनाको अध्यक्षतामा बसि निम्न प्रस्तावहरु माथि छलफल गरि निर्णय गरियो ।

**स्थानः- कम्पनीको कार्यालय**

**समयः- बिहान १०:०० वजे ।**

**उपस्थिति**

| | |
|---|---|
| श्री सीताराम तिमल्सिना | -अध्यक्ष |
| श्री सतिस तिमल्सिना | -प्रवन्ध संचालक |
| श्री प्रल्हाद तिमल्सिना | -संचालक |
| श्री कमल कुमार भारती | -संचालक |

**छलफलका विषयहरुः-**

१) कम्पनी ऐन २०६३ को दफा ७८ वमोजिम आ.ब.२०७८।७९ को प्रतिवेदन स्वीकृत गर्ने

२) आ.ब.२०७८।७९ को संचालक समितको बार्षिक प्रतिवेदन पारित गर्ने

३) लेखा परिक्षकको प्रतिबेदन सहित आ.ब.२०७८।७९ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु माथि छलफल र निर्णय गर्ने

४) कम्पनीको आ.व २०७९।८० को लागि लेखापरिक्षक नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने

५) कम्पनीको सातौं बार्षिक साधारण सभा बोलाउने ।

६) विविध

**निर्णयहरुः-**

१) कम्पनी ऐन २०६३ को दफा ७८ वमोजिम यस कम्पनीको आ.ब.२०७८।७९ को प्रतिवेदन स्वीकृत गरियो ।

२) कम्पनी ऐन २०६३ को दफा १०९ वमोजिम तयार गरिएको संचालक समितको आ.व २०७८।७९ को वार्षिक प्रतिवेदन पारित गरियो र अनुमोदन को लागि वार्षिक साधाराण सभामा पेश गर्ने निर्णय गरियो ।

३) लेखा परिक्षकको प्रतिबेदन सहित आ.ब.२०७८।७९ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु माथि छलफल गरियो र स्वीकृतको लागि बार्षिक साधारण सभामा पेश गर्ने निर्णय गरियो ।

४) यस कम्पनीको आ.व २०७९।८० को लागि लेखापरिक्षकमा श्री Aryal & Aryal Chartered Accountants लाई नियुक्ति गर्ने र पारिश्रमिक रु. २,५०,०००।- दिन स्वीकृतको लागि बार्षिक साधारण सभा मा पेश गर्ने ।

५) प्रस्ताव नं.५ माथि छलफल गर्दा यस कम्पनीको सातौं वार्षिक साधारण सभा देहायका विषयहरु माथि छलफल गरि निर्णय गर्नको लागि निम्न मिति, समय र स्थानमा सभा बोलाउने र सभामा

Mountain Hydro Nepal Ltd. H.O. Kathmandu

उपस्थित भई भाग लिन राष्ट्रिय दैनिक पत्रिका तथा विद्युतिय माध्यम द्वारा सुचना प्रकाशित गरि सम्पुर्ण शेयरधनी हरुलाई जानकारी गराउने निर्णय गरियो ।

**वर्षिक साधारण सभामा छलफल तथा निर्णयको लागि पेश गर्ने प्रस्तावहरु**

क) अध्यक्ष ज्यु वाट प्रस्तुत हुने आ.ब. २०७८।७९ को संचालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल र निर्णय गर्ने ।

ख) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व २०७८।७९ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु माथि छलफल र स्वीकृत गर्ने ।

ग) आ.व २०७९।८० को लागि लेखापरिक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

घ) संस्थापक समुह बाट निर्वाचित संचालक श्री दिपेन्द्र आङ्वो लिम्वु र श्रीमति रेणुका देबी पोखरेलले राजिनामा दिनुभई रिक्त भएको संचालक पद निर्वाचन द्वारा पुर्ति गर्ने ।

ङ) विविध

१) शेयर दाखिल खारिज बन्द गर्ने ।

२) निर्वाचन अधिकृत तोक्ने ।

३) संचालकहरुको भत्ता तथा अन्य सुविधा सम्बन्धमा ।

**वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय :**

**मिति : २०७९।०९।२७ गते बुधबार**

**स्थान : कालिमाटी व्याङ्कुट, कालिमाटी काठमाण्डौ**

**समय : विहान १०:०० बजे**

६) विविध :

क) आगामी बार्षिक साधारण सभा प्रयोजनको लागि २०७९।०९।१३ देखि २०७९।०९।२७ सम्म शेयरको दर्ता किताब दाखिल खारेज बन्द गर्ने र सो को जानकारी सम्बन्धित निकायहरुलाई गराउने निर्णय गरियो ।

ख) वार्षिक साधारण सभावाट रिक्त संचालक पद २ निर्वाचन गर्नको लागि अधिवक्ता श्री भिमसेन रायमाझी लाई निर्वाचन अधिकृत तोक्ने र निर्वाचनको कार्यविधि निर्वाचन अधिकृतले स्वयं तयार गरि आगामी साधारण सभा वाट कम्पनी ऐन २०६३ अनुसार संचालकहरुको निर्वाचन गर्ने ।

७) छलफलको लागि अन्य विषय नभएकोले आजको बैठक समापन गरियो ।

Mountain Hydro Nepal Ltd.
H.O. Kathmandu

# माउन्टेन हाइड्रो नेपाल लि.

काठमाण्डौ -१३, ताहाचल

फोन नं.०१५९०३४४२, E-mail : mountainhydronepal@gmail.com

# सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९।०९।०७**

यस कम्पनीको मिति २०७९/०९/०४ मा बसेको सञ्चालक समितिको निर्णय अनुसार कम्पनीको सातौं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरू माथि छलफल र निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण सेयरधनी महानुभावहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

मितिः- २०७९/०९/२७ गते बुधबार

स्थानः- कालिमाटि व्याङ्क्युट (कालिमाटी सीता पेट्रोल पम्पसँगै)

समयः- १०:०० बजे ।

**छलफलका विषयहरू :-**

१) अध्यक्षज्यु बाट आ.व. २०७८।७९ को कम्पनीको बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो माथि छलफल तथा स्वीकृत गर्ने ।

२) लेखा परिक्षकको प्रतिवेदन सहीतको आ.व. २०७८।७९ को वार्षिक आर्थिक विवरण (वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह लगायत का वित्तिय विवरणहरू) माथि छलफल र स्वीकृत गर्ने ।

३) कम्पनीको आ.व. २०७९।८० को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने ।

४) संस्थापक समूहबाट निर्वाचित सञ्चालक श्री दिपेन्द्र आङवो लिम्बु र श्रीमति रेणुका देवी पोखरेलले राजिनामा दिनुभई रिक्त भएको संचालक पद २ निर्वाचनद्वारा पूर्ति गर्ने ।

५) विविध

क) सेयर दाखिल खारिज बन्द गर्ने

ख) निर्वाचन अधिकृत तोक्ने

ग) सञ्चालकको भत्ता तथा अन्य सुविधा सम्बन्धमा

## बार्षिक साधारण सभा सम्बन्धि जानकारीहरू

१) सातौं वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको मिति २०७९ पुस १३ गते देखि २०७९ साल पुस २७ गते सम्म शेयरको दर्ता किता दाखिल खारेज बन्द रहनेछ । किताव बन्द भएको अघिल्लो दिन अर्थात २०७९।०९।१२ सम्म नेपाल स्टक एक्सचेन्जमा कारोबार भई कायम रहनुभएका शेयरधनिहरूले सभामा भाग लिन सक्नुहुनेछ ।

२) सातौं वार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधी नियुक्त गर्न चाहने शेयरधनीहरूले कम्पनी ऐनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिकामा रहेको प्रतिनिधी पत्र (प्रोक्सी) फारम अनुसार सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि नियुक्ती गरि कम्पनीको कार्यालयमा पेश गर्नु पर्नेछ । तर प्रतिनिधी नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी गरेमा प्रतिनिधी पत्र स्वतः बदर हुनेछ ।

३) एक भन्दा वढि व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्व सम्मत वाट प्रतिनिधी चयन गरिएको १ जनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।

४) कुनै शेयरधनि महानुभावहरूले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्वन्धि कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्ष लाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा वहसको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ ।

५) संस्थापक समुह बाट निर्वाचित संचालक श्री दिपेन्द्र आङवो लिम्बु र श्रीमति रेणुका देवी पोखरेलले राजिनामा दिनुभई रिक्त भएको संचालक पद २ शेयरधनिहरूबाट निर्वाचन द्वारा पुर्ति गरिने छ । निर्वाचन सम्वन्धि विस्तृत कार्यक्रम निर्वाचन अधिकृत मार्फत सभा शुरु हुनु भन्दा ७ दिन अगाडी नै कम्पनीको रजिष्टर्ड कार्यालय ताहाचल काठमाण्डौ मा प्रकाशन गरिनेछ ।

६) मिति २०७९।०९।२७ गतेका दिन विहान १०:०० बजे देखि सभा स्थलमा उपस्थिती खुल्ला हुनेछ । वार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाण देखाई सभा स्थलमा रहेको उपस्थिती पुस्तीकामा हस्ताक्षर गरि उपस्थिती जनाउनु पर्नेछ ।

७) कम्पनी ऐन २०६३ वमोजिमको आ.ब.२०७८।७९ को वार्षिक आर्थिक विवरण , संचालक समितिको प्रतिवेदन , लेखा परिक्षण प्रतिवेदन तथा साधारण सभा सम्वन्धित अन्य कुराहरू र निर्वाचन सम्वन्धि जानकारी कम्पनीको प्रधान कार्यालय ताहाचल, कालिमाटी काठमाडौंबाट उपलब्ध हुने छ । उल्लेखित विवरणहरू कम्पनीको आधिकारीक WebSite : www.mhnl.com.np बाट समेत प्राप्त गर्न सक्नु हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले**<br>
**शिव प्रसाद सापकोटा**<br>
**कम्पनी सचिव**